संघीय लोकतान्त्रिक व्यवस्था बमोजिम

# निर्वाचित पहिलो स्थानीय सरकारका चार वर्षीय उपलब्धीहरू

(२०७४/२०७५ देखी २०७७/२०७८)

## धुनिबेशी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

धादिङ, बागमती प्रदेश, नेपाल

**प्रमुख संरक्षण एवं निर्देशन**
श्री बालकृष्ण आचार्य - नगर प्रमुख

**संरक्षण**
श्री निरु खरेल - नगर उप-प्रमुख

**सल्लाह एवं निर्देशन**
श्री हरिदत्त कँडेल - प्रमुख प्रशासकीय अधिकृत
श्री सुजनराज खनाल - अधिकृत दशौं (शिक्षा)

**सम्पादक**
श्री विकास खत्री - अधिकृत आठौं (शिक्षा)
श्री झविलाल भुसाल - अधिकृत सातौं
श्री गोविन्द प्रसाद पौडेल - लेखा अधिकृत
श्री ध्रुब कुमार अधिकारी - जनस्वास्थ्य अधिकृत
श्री माधवप्रसाद लुईटेल - अधिकृत छैठौं

**सह-सम्पादक/फोटो संकलन/डिजाइनर**
श्री श्याम सुन्दर पाण्डे - अधिकृत छैठौं
श्री नवराज श्रेष्ठ - ईन्जिनियर

**संकलन/टाईपिङ**
श्री सौरभकुमार कार्की - सूचना प्रविधि अधिकृत

**विषेश सहयोगी**
श्री टंक कटुवाल - अधिकृत छैठौं (पशुपन्छी विकास शाखा)
श्री ई. रामशरण अधिकारी - अधिकृत छैठौं (प्राविधिक शाखा)
श्री मदन न्यौपाने - सहायक स्तर पाँचौं तह
श्री राधाकृष्ण पाठक - कम्प्युटर अपरेटर
श्री पारसमणी भट्ट - सहयोगी कर्मचारी

**पत्रचार गर्ने ठेगानाः**
धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धादिङ, बागमती प्रदेश, नेपाल
**सम्पर्क नं.**: ०१०-४०११९७, ०१०-४०११८६, ९८५१२३७९६७
**ईमेलः** dhunibeshimun@gmail.com, **वेवः** www.dhunibeshimun.gov.np

**मुद्रणः**
स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा.लि., बिजुलीबजार, काठमाडौं
**फोन नं.**: ०१-४७८४२८३, **ईमेलः** presssky9@gmail.com

श्री बालकृष्ण आचार्य
नगर प्रमुख,
धुनिवेशी नगरपालिका
धादिङ
फोन नं : ०१०-४०११८६

# मन्तव्य



राज्यको पूर्नसंरचना सहित संघियता कार्यान्वयन गर्ने क्रममा नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिम स्थानीय सरकार निर्माणका लागि भएको संघीय लोकतान्त्रिक व्यवस्थाको पहिलो स्थानीय तहको निर्वाचनमा यस नगरको नेतृत्व गर्ने गरी प्राप्त भएको जिम्मेवारी बहन गर्दै चार आर्थिक वर्ष पुरा गरी कार्यकालको पाँचौं वर्षको सुरुवात हुँदै गर्दा कार्यकालको ४ वर्षमा भए गरेका कार्य एवं उपलब्धिहरू समेटिएको "पहिलो निर्वाचित स्थानीय सरकारका उपलब्धिहरू" नामक पुस्तक प्रकाशित गर्न पाउँदा खुसी लागेको छ।

लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय तहको निर्वाचनमा नेकपा एमाले धुनिवेशी नगर संगठन कमिटि धादिङको प्रतिवद्धता पत्र र "समृद्धि समानता र सवल राष्ट्रको आधार, गाउँ देखी केन्द्र सम्म एमालेको सरकार" भन्ने महाअभियानका साथ निर्वाचनमा होमिँदा अत्याधिक बहुमतका साथ नगरपालिकाको नेतृत्व गर्ने गरी जिम्मेवारी प्रदान गर्ने आम मतदाता एवं नगरवासीहरूमा हार्दिक सम्मान एवं आभार प्रकाट गर्दछु। निर्वाचित जनप्रतिनिधिहरूको हैसियतमा कार्यभार एवं कार्यीजिम्मेवारी लिँदा मिति २०७२ सालमा गएको विनाशकारी महाभुकम्पको कारणबाट घर विहिन भई निराश भएका नगरवासीहरूमा पुर्नजागरण ल्याई समग्र रुपमा नगरपालिकाको पुर्ननिर्माण गर्नुपर्ने अवस्था थियो भने देशकै कान्छो नगरपालिका भएको कारणबाट विकासका पुर्वाधारमा सिमितता थियो। कार्यालय संचालनका लागि आवश्यक पुर्वाधार एवं कर्मचारीको अभावको अवस्था थियो। संस्थागत संरचना नभएको अवस्था थियो। संस्थागत संरचनाहरूको पुर्णताका लागि भौतिक पुर्वाधार जनशक्ति व्यवस्थापन जस्ता विषयहरू, विकासको क्रममा पछि परेका वर्ग तथा समुदायलाई विकासको मुल प्रवाहमा ल्याउनु पर्ने, विकास निर्माणका लागि समुदायमा अपनत्व जगाउनुपर्ने, कृषि क्षेत्रको व्यवसायीकरण, विविधिकरण सहित आधुनिकीकरण गरी उत्पादनशिल क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिको माध्ययमबाट रोजगारी सिर्जना गर्नुपर्ने, सुशासन प्रवर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनुपर्ने, पर्यटकीय क्षेत्रको पहिचान र प्रवर्द्धन गरी आय आर्जनमा वृद्धि, कृषि पर्यटनमा आवद्धता, वातावरण सन्तुलन कायम राखी, दिगो पुर्वाधारको विकासमा जोड दिँदै लगानी अभिवृद्धि गर्नुपर्ने, सामाजिक विकासलाई संस्थागत गरी विकासको प्रतिफल हाँसिल गर्दै समानुपातिक रुपमा वितरण गर्नुपर्ने, आन्तरिक आयलाई वृद्धि गरी दिगो, भरपर्दो र अनुमान योग्य बनाउनुपर्ने। पाटिका घोषणापत्र, प्रतिवद्धता पत्र एवं जनताका सामु गरेका बाचा नगरवासीको चाहना, आकांक्षा, नगरको आवश्यकता, उपलब्ध स्रोत एवं साधनको उच्चतम रुपमा परिचालन एवं समानुपातिक रुपमा वितरण गरी नगरवासीले महसुस गर्न सक्ने गरी विकास निर्माणलाई गति प्रदान गर्नका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, सडक निर्माण जस्ता क्षेत्रमा आमुल परिवर्तन गरी सर्वसुलभ, सहज एवं सबैको पहुँच हुने गरी विकास र विस्तार गर्नुपर्ने चुनौतीहरू हाम्रा सामु थिए।

हाम्रा सामु देखापरेका चुनौतीहरूलाई अवसरको रुपमा ग्रहण गदै कार्ययोजनाका साथ योजनावद्ध ढंगले नगर निर्माणको महाअभियानमा अहोरात्र खटी नगरवासीका आधारभुत आवश्यकतामध्ये कृषि, सडक, विद्युत, खानेपानी, स्वास्थ्य र

शिक्षाको क्षेत्रलाई प्राथमिकतामा राखी पहिलो चरणमा यिनै क्षेत्रमा आमुल परिवर्तन गर्न सके समग्र रुपमा धुनिवेशी नगर क्षेत्रको विकास गर्न सकिन्छ भन्ने अवधारणाका साथ स्थानीय राजनैतीक दल एवं दलका प्रतिनिधि, संघ, संस्था, समाजसेवी, वुद्धिजीवि, युवा, विद्यार्थी एवं नगरवासीहरू नगरनिर्माणमा एकजुट हुन जरुरी छ भन्ने तथ्यलाई मनन् गरी सबैसँग सहकार्य गर्ने प्रयासका साथ नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, धार्मिक पर्यटकीय विकासका लागि प्रयत्नशिल रहँदै उपलब्ध स्रोत र साधनको अधिकतम रुपमा प्रयोग र परिचालन गरी व्यवसायी, स्वरोजगार, स्वावलम्वी र आत्मनिर्भर बनाउने तर्फ काम गर्दै गर्दा स्थानीय सरकारको चार वर्ष व्यतित भएको छ। उक्त अवधिमा स्थानीय तहमा रहने सरकारले नगरिकको आवश्यकता र चाहनालाई पुरा गर्न सक्छ। जनताको सहज पुहँच भएको जनताले सहजरुपमा सिधै सम्पर्क र महशुस गर्न सक्ने सरकार भनेकै स्थानीय सरकार हो भन्ने भावना उजागर गर्न हामी सफल भएका छौं। समग्र रुपमा नगर क्षेत्रको विकासको लागि सम्भावनाको खोजी गर्दै दिगो भौतिक पुर्वाधारको विकास र विस्तारमा जोड दिएका छौं। आवश्यक स्थानीय कानूनहरूको निर्माण गरी विधिको शासन र सिद्धान्तहरूलाई अनुसरण गरेका छौं। संस्थागत संरचना निर्माणलाई पुर्णता दिने कार्य गरेका छौं।

विश्वमा माहामारीको रुपमा देखा परेको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण नेपालमा समेत देखापरि धुनिवेशी नगरपालिका समेत यस महामारी वाट अछुतो रहन सकेन। कोभिड-१९को रोकथाम, नियन्त्रण तथा न्युनिकरण गरी कोरोना संक्रमणको उपचार गर्न MBBS डक्टर सहितको कोभिड अस्पताल सञ्चालन गरी नगरबासीहरूलाई सेवा उपलब्ध गराएकाछौं। नगरपालिकाको चाहाना स्वस्थ सफा निरोगी नगर वासि नै भएकाले हरपल सेवाको लागि नगरपालिका अर्न्तगतका ३ वटा स्वास्थ्य चौकीहरूमा १/१ वटा एम्बुलेन्सको व्यवस्था गरी नगरपालिका मार्फत संचालन हुने गरी थप एक थान सुविधा सम्पन्न एम्वुलेन्स खरिद गर्ने प्रक्रिया अघि बढाएका छौं।

नगरवासीहरूलाई अकल्पनिय विपद्हरू बाट जोगाउन  नगर प्रहरी र दमकल सेवा सञ्चालन गरी चौविसै घण्टा सेवा दिईरहेका छौ। नगरवासीकै सेवामा समर्पित भै नगरको आफ्नै स्वामित्वमा रहने गरी जग्गा खरिद गरी वडा कार्यालय भवन, आधारभुत स्वास्थ्य केन्द्रका भवनहरू र सुविधासम्पन्न नगर कार्यपालिकाको प्रशासकीय भवन समेत निर्माण हुँदै सम्पन्न हुने अवस्थामा छ।

सामाजिक सेवाभावमा समर्पित रही वृद्धवृद्धाहरूको सम्मानको लागि वृद्धा विश्रामस्थल भवन, घरपरिवार समाजवाट अपहेलित र तिरस्कृत भएका महिलाहरूका लागि सुरक्षित आवासगृह (सेफ हाउस) निर्माण गरी सञ्चालनमा ल्याइएको छ। सुविधा सम्पन्न राष्ट्रियस्तरको धुनिवेशी खेलमैदान, नगरस्तरीय धुनिवेशी पार्कको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ भने दुर्गम क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरूलाई लक्षित गरी मच्छिन्द्र माध्यमिक विद्यालय खानीखोलामा आवासीय सुविधा सहित विद्यालय संचालनको व्यवस्था मिलाएका छौं। कार्ययोजना बमोजिम निर्माण सम्पन्न हुन बाँकी कार्यहरूलाई निरन्तरता दिँदै निर्माण सम्पन्न गर्ने अभियानमा निरन्तर लागिपरेका छौं। नगरबासीहरूको हरेक गुनासो सम्वोधन हुने गरी अहोरात्र खट्दा खट्दै चार वर्षे कार्यकाल व्यतित भएको अवस्था छ। यस कार्यमा अहोरात्र खटिई नगरवासीको सेवा सुविधाका लागि समर्पित हुने सहकर्मी जनप्रतिनिधि साथीहरूप्रति आभार व्यक्त गर्दछु साथै नगरको कामकारवाही एवं सेवा प्रवाहमा कुनै गुनासो एवं सिकायत भएमा स्वस्थ्य आलोचना, खवरदारी र रचनात्मक सुझावको अपेक्षा गर्दछु। नगरपालिकाका निर्वाचित पदाधिकारीहरूले तय गरेका नीति तथा कार्यक्रमहरूलाई ठोस र यथार्थरुपमा कार्यान्वयन गरी नगरको विकासमा खटिईरहनुभएका कर्मचारी साथीहरू, सम्पुर्ण आदरणीय नगरवासी महानुभावनहरू, नगरमा क्रियाशिल राजनैतिक दलका प्रतिनिधिज्यूहरू, नागरिक समाजका अगुवा एवं सामाजिक अभियान्ता, पत्रकार लगायत सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै चार वर्षे उपलब्धि सम्बन्धी पुस्तक तयार गर्न मिहनेत पुर्वक खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद !

**बालकृष्ण आचार्य**
नगर प्रमुख

श्री नीरू खरेल
नगर उप-प्रमुख,
धुनिवेशी नगरपालिका
धादिङ
फोन नं : ०१०-४०११८६



# मन्तव्य

नेपालको केन्द्रीय राजधानी काठमाण्डौंको प्रवेशद्धारमा अवस्थित धुनिवेशी नगरपालिका मिति २०७३ साल फाल्गुन २७ गते घोषणा भई सिमाना निर्धारण गर्न गठन भएको आयोगको सिफारिस र नेपाल सरकारको निर्णय अनुसार राजपत्रमा प्रकाशित भई सिमाना क्षेत्र कायम भई बनेको कान्छो नगरपालिका हो ।

यो नगरपालिका स्थापना भए देखी हालसम्म (४ वर्षे कार्यकाल) यस नगरपालिकामा बसोबास गर्ने नगरबासीको सुख दुःख, हाँसो रोदनमा हरपल सहयोगी भई निर्माण भएका भौतिक संरचना नगरवासीहरूलाई हामिले दिन र गर्न सकेका योगदान, नगरवासीको जिवनयापनका आवश्यकता सम्बन्धी पुर्वाधारहरू खानेपानी, सडक, विद्युत, शिक्षा, स्वास्थ्य र न्यायिक निरुपणका सानातिना मुद्धा एवं झमेलाहरूको निराकरण गरी नगरवासीहरूलाइ यथास्थानमै सेवा सुविधा दिने कार्य सुरु भएको र कतिपय कार्य सम्पन्न भई नगरवासीहरूले उपभोग गरिरहनु भएका कार्यहरूको चार वर्षमा भएको उपलब्धि सम्बन्धी अभिलेखीकरण दस्तावेज नगरपालिकाबाट प्रकाशन हुन लागेकोमा आफ्नो मन्तव्य भनाई राख्न पाउँदा साह्रै हर्ष विभोर भएको छु।

देशका महत्वपूर्ण दुई राष्ट्रिय राजमार्ग (पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ) यसै नगरपालिका हुँदै संचालित छन् । केन्दिय राजधानीसँग जोडिएको पूर्वमा चन्द्रागिरी, नागार्जुन, तारकेश्वर नगरपालिका, शिवपुरी राष्ट्रिय निकुञ्ज, केन्द्रीय राजधानी काठमाण्डौं, पश्चिममा थाक्रे गाउँपालिका, उत्तरमा वेलकोटगढी नगरपालिका र ककनी गाउँपालिका नुवाकोट र दक्षिणमा थाहा नगरपालिका मकवानपुर रहेको यस धुनिवेशी नगरपालिका सातै प्रदेश ७७ जिल्लाका अलावा विश्वभरका मानिसहरू आवतजावत गर्ने मुख्य राजमार्ग भएकोले सबैको चिरपरिचित नगरपालिका हो । जो-कोहीको मन-मष्तिष्कमा यो नगरपालिका रहिरहेको छ ।

यस्तो अपुर्व सम्पति र यहाँ बसोबास गर्ने आम नगरवासी भाग्यमानीका पात्र हुनुहुन्छ । यस नगरपालिकामा अवस्थित विभिन्न कलकारखाना उद्योग व्यवसाय कृषि पशुका क्षेत्रमा हरवखत लागिरहने कर्मशिल समुदायको समिपमा रही यस नगरपालिकाको उप-प्रमुखको हैसियतमा यस नगरपालिकामा बहाली भएका दिनदेखी निरन्तर सेवामा रहेको छु । यसमा चुनाव जितेर पदमा पुग्नु भन्दा पनि नगरवासीका यावत सुख, दुःखको साथमा रही सेवा गर्ने मौका पाएँ यो नै मेरो खुसीको क्षण भएको छ ।

लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय तहको निर्वाचनमा तत्कालिन नेकपा एमाले धुनिवेशी नगरसंगठन कमिटी धादिङको प्रतिवद्धता र ''**समृद्धि समानता र सवल राष्ट्रको आधार, गाउँ देखी सहर सम्म एमालेको सरकार**''भन्ने नारा सहित निर्वाचनमा भाग लिने अवसर मिलेको र बहुमतका साथ नगरपालिकाको उप-प्रमुख पदमा नेतृत्व गर्ने गरी जनताबाट अनुमोदित भई जिम्मेवारी वहन गर्न पाएको थिएँ । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मलाई सहयोग गरी निर्वाचित गराउनुभएकोमा आम मतदाता एवं नगरवासीहरूमा हार्दिक सम्मान एवं आभार प्रकट गर्दछु ।

निर्वाचित जनप्रतिनिधिको रुपमा यस नगरपालिकामा प्रवेश गर्दा बामे सर्दै अवस्थाको नगरपालिका, सम्पुर्ण अस्थायी व्यवस्थापन रहेको, २०७२ को विनाशकारी भुकम्पले तहसनहस बनाएको संरचनाहरूको बावजुद विस्तारै कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन नीति नियम कार्यविधिहरूको निर्माण, योजनाहरूको तर्जुमा गर्दै जाँदा विकास निर्माणमा फड्को मारीरहेको अवस्थामा विश्वमै महामारीको रुपमा देखिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढ्दै जाँदा हाम्रो नगरपालिका समेत यसबाट जोगिन सक्ने स्थितिमा रहेन । यस्तो परिस्थितिमा पनि हामी निर्वाचित जनप्रतिनिधिहरूले स्वाच्छ हराभरा नगर, स्वस्थ नगरवासी बनाउने कल्पनाका साथ जनताको जिउज्यान सुरक्षित राख्नुपर्ने पहिलो कर्तव्य सम्झी यसको निराकरणको लागि कोभिड-१९ अस्पतालको निर्माण गरी MBBS डक्टरको दरवन्दी सिर्जना भई आम नगरवासीलाई हामी कोरोनाबाट सुरक्षित छौँ, हुनेछौँ भन्ने मनस्थिति बनाउन अस्पताल संचालनमा ल्याएका छौँ । यसका अलावा हामीले सुरु गरेका महत्वपुर्ण योजनाहरूमा जनतालाई विपद्का समयमा सहयोग गर्न २४ सै घण्टा नगरप्रहरी, दमकल सेवा, एम्वुलेन्सको व्यवस्था गरी संचालनमा ल्याएका छौँ । नगरपालिकालाई स्वच्छ हराभरा बनाउन, फोहोरमैलाबाट परै राख्न स्वच्छ सफा नगरपालिका, स्वस्थ्य नगरवासी भन्ने अवधारणालाई ध्यानमा राखी नगरमा फोहोरमैला व्यवस्थापन गर्ने कार्य सुरु गरेका छौँ । ज्येष्ठ नागरिकको सम्मान गर्न वृद्धा विश्रामस्थलको निर्माण गरेका छौँ । नगरपालिकाको आफ्नै स्वामित्वमा जग्गा खरिद गरी धेरै जसो वडा कार्यालयका आफ्नै भवन आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण गरी आ-आफ्नै भवनबाट सेवा प्रदान गरिरहेको अवस्था छ । नगरपालिकाको आफ्नै स्वामित्वको जग्गामा प्रशासनीक भवन निर्माण भई सम्पन्न हुने अवस्थामा पुगेको छ । घर समाजबाट तिरस्कार, अपहेलित भएका न्याय नपाएका महिलाहरूलाई राखी व्यवस्थापन गराउन सुरक्षित अवासगृह (सेफ हाउस)को निर्माण गरी संचालनमा ल्याएका छौँ । अपाङ्गता भएका व्यक्तिहरुलाई सि.बि.आर. सम्बन्धी तालिम, बस्तुगत टेवा र लिपी मार्फत शिक्षा लिनका लागि आवश्यक व्यवस्थापन र छात्रावासको व्यवस्था गरेकाछौं । महिला लक्षित कार्यक्रम मार्फत अटो तालिम, ढाका बुनाई तालिम, झोला, सावुन बनाउने तालिम लगायत अन्य सीप विकास तालिमहरु उपलब्ध गराई धेरै महिला दिदीबहिनीहरुलाई उद्यमी बनाउने लक्ष्यका साथ कार्यक्रम अगाडि बढाएका छौं ।

सानातिना घर झगडा, अंश झगडा, कुलो, साँध सिमाना, पति पत्निका झगडाहरूमा न्याय दिलाउने उद्धेश्यका साथ नगर उप-प्रमुख कै संयोजकत्वमा न्यायिक इजलास निर्माण भई यस्ता खालका झै झमेलाहरूको छिनोफानो गरी पिडित पक्षलाई न्याय परामर्श दिलाएका छौँ । साथै सुविधा सम्पन्न राष्ट्रिय स्तरका खेलमैदान, पार्क सम्पन्न हुने अवस्थामा पुगेको छ । यसको साथसाथै सामाजिक, धार्मिक कार्यहरू मठमन्दिर, देवालय, सामुदायिक भवनहरू, कृषि, पर्यटनलाई टेवा मिल्ने खालका संरचनाहरूको निर्माण कार्यहरू गरी यस नगरपालिकालाई नमुना नगरपालिकाको रुपमा चिनाउन हरपल आम नगरवासीहरूको साथमा हातेमालो गर्दै आएका छौँ । यी यावत विकास निर्माण संरचनाका विषयमा कोही कतैबाट जनगुनासो उजुर, असन्तोषका स्वरहरू नआएको स्थितिमा हामीले गरेका कार्यहरू भौतिक पुर्वाधारमा भएका विकास निर्माण, संरचनाहरूबाट आम नगरवासी खुसी, सुखी अवस्थामा रहेको छन् भन्नेमा म ढुक्क र विश्वस्त छु । यस चार वर्षे उपलब्धी सम्बन्धी अभिलेखीकरण पुस्तिका निर्माण गरी प्रकाशन गर्न अहोरात्र खटिनुभएका कर्मचारी साथीहरू, हाम्रा कार्य प्रति सन्तुष्ट रहनुहुने सम्पुर्ण नगरवासी, जनप्रतिनिधि, नगरिक समाजका अगुवा एवं अभियन्ता, राजनैतिक दलका प्रतिनिधि, पत्रकार लगाएत सम्पुर्णमा आभार प्रकट गर्दै सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

**निरु खरेल**

नगर उप-प्रमुख

# बिषयसूची

परिच्छेद-१ १
१.१ धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय १
१.२ नगरसभा तथा नगरकार्यपालिका १

परिच्छेद-२ २
नगरपालिका स्थापना पछिका प्रमुख उपलब्धिहरू २
२.१ न्यायिक समिति २
२.२ आधारभुत कानूनहरूको निर्माण २
२.३ सामान्य प्रशासन तथा सेवा प्रवाह २
२.४ व्यक्तिगत घटना दर्ता (पञ्जीकरण) ४
२.५ शिक्षा तर्फ ४
२.६ स्वास्थ्य तर्फ ५
२.७ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ८
२.८ धर्म, कला, संस्कृती संरक्षण र पर्यटन ९
२.९ विपद् व्यवस्थापन १०

परिच्छेद-३ ११
कृषि, पशु, उद्योग-व्यवसाय, सहकारी र पर्यटन ११
३.१ कृषि शाखा ११
३.२ पशुसेवा शाखा १२
३.३ सहकारी शाखा १३
३.४ उद्योग, व्यापार र व्यवसाय १४

परिच्छेद-४ १५
परियोजना तथा कार्यक्रम १५
४.१ प्रधानमन्त्री रोजगार कार्यक्रम १५
४.२ सामी परियोजना १५
४.३ गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA) १५

**परिच्छेद-५** १७

**शहरी विकास योजना तथा भौतिक पूर्वाधार** १७

५.१ शहरी विकास तथा वातावरण संरक्षण १७

५.२ सडक पुर्वाधार १७

**परिच्छेद-६** २२

**बजेट तथा वितीय उत्तरदायित्व** २२

६.१ राजस्व २२

६.२ आर्थिक प्रशासन २२

६.३ संचित कोषको आम्दानी २२

६.४ संचित कोष बाट व्यय २२

**परिच्छेद -७** २३

**निष्कर्ष** २३

**तस्बिरहरू** २५

# परिच्छेद-१

नेपालको संविधानले शासकीय संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको बाँडफाँड तीनै तहमा रहने व्यवस्था गरेको छ। अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ९ मा साझा अधिकार सूची उल्लेख गरिएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तीनै तहको अधिकार क्षेत्रको कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकारको प्रयोग गर्न सक्ने व्यवस्था सुनिश्चित गरेको छ। संविधानले मूलत स्थानीय तहहरूलाई आधारभूत विकास र सेवा प्रवाहमा जिम्मेवार बनाएको देखिन्छ। शिक्षा, स्वास्थ्य, खानेपानी, बसोबास, प्राकृतिक श्रोतको व्यवस्थापन, सामाजिक सुरक्षा, आधारभूत आवश्यकता, पूर्वाधार निर्माण, जोखिम तथा विपद् व्यवस्थापन, भूमी व्यवस्थापन, सञ्चार सेवा, यातायात सेवा, लघु घरेलु तथा साना उद्योग जस्ता जनसरोकारका विषयहरूमा जिम्मेवारी दिएको छ। नेपालको संविधान कार्यान्वयन हुने क्रममा २०७४ साल वैशाख ३१ गते स्थानीय तहको आवधिक निर्वाचन सम्पन्न भएको र निर्वाचित पदाधिकारीहरूबाट आफ्नो क्षेत्राधिकारको अधिनमा रही स्थानीय शासनको अभ्यास भैरहेको छ।

## १.१ धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय

साबिकका तीन गा.वि.स. छत्रेदेउराली, जीवनपुर र नौविसे मिलाइ वि.स.२०७३ साल फाल्गुन २७ गते घोषणा भएको धुनिवेशी नगरपालिकाको क्षेत्रफल ९८.६४ बर्ग कि.मी. रहेको छ। यो नगरपालिका काठमाडौ देखि २० कि.मी, हेटौडादेखि (त्रिभुवन राजपथ हुदै) ९९ कि.मी र धादिङ जिल्लाको सदरमुकामदेखि ७० कि.मी.को दुरीमा रहेको छ।

### १.१.१ जनसंख्याको विवरण

| २०६८ सालको जनगणाना अनुसार | | | | नगर प्रोफाइल अनुसार | | | |
|---|---|---|---|---|---|---|---|
| घरधुरी | महिला | पुरुष | जम्मा | घरधुरी | महिला | पुरुष | जम्मा |
| ६७५९ | १५८३२ | १५१९७ | ३१०२९ | ६८२७ | १७८१६ | १८२३८ | ३६०५४ |

## १.२ नगरसभा तथा नगरकार्यपालिका

नेपालको नितान्त नयाँ नगरपालिकाको रुपमा घोषणा भएको धुनिवेशी नगरपालिकाको स्थापना २०७३ फागुन २७ गते भएको हो। २०७४ साल वैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि जननिर्वाचित पदाधिकारीहरूले मिति २०७४ जेठ ८ गते पद वहाली गर्नु भएको थियो। नगरसभाका कुल ५० जना सदस्यहरू मध्ये हाल ४७ जना नगरसभा सदस्यहरू र नगरकार्यपालिकामा १९ जना सदस्यहरू बहाल रहनु भएको छ।

# परिच्छेद-२

## नगरपालिका स्थापना पछिका प्रमुख उपलब्धिहरु

नगरपालिका स्थापना भई जननिर्वाचित पदाधिकारीहरूले पदवहाली गरे पछिका चार आर्थिक वर्ष (२०७४/७५ देखि २०७७/७८ सम्म) मा भएका मुख्य मुख्य उपलब्धिहरू समेटीएको यस पुस्तिकामा न्यायिक समिति, कर्मचारी प्रशासन, योजना, शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायतका विषयगत शाखाहरू, सम्रग नगरपालिका र वडा स्तरमा कार्यान्वयन भएका योजनाहरूको प्रगती विवरण प्रस्तुत गरिएको छ।

### २.१ न्यायिक समिति

संविधानको धारा २१७ अनुसार गठित न्यायिक समिति अर्न्तगत हाल सम्म तपशिल बमोजिमका विषयमा निरुपण तथा मेलमिलाप सम्पन्न भएको छ।

| विषय | निरुपण तथा मेलमिलाप गरिएको संख्या | विषय | निरुपण तथा मेलमिलाप गरिएको संख्या |
|---|---|---|---|
| जग्गा विवाद | ३० | खानेपानी विवाद | ४ |
| आर्थिक विवाद | ९ | अंशबन्डा विवाद | ४ |
| घरायसी विवाद | २१ | बहुविवाह | १ |
| महिला हिंसा | ४ | मानसिक यातना | १ |
| वातावरण प्रदुषण | ३ | औद्योगीक कार्यमा विवाद | १ |
| बाटो विवाद | ५ | | |

### २.२ आधारभुत कानूनहरूको निर्माण

नगरपालिकाको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने सन्दर्भमा हालसम्म तर्जुमा गरिएका कानुनहरूको विवरण तपसिल बमोजिम छ।

| कानून | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | निति | प्रतिकार्य योजना | दिर्ग्दशन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | १८ | ३ | ४३ | २ | १ | १ | १ | ६९ |

### २.३ सामान्य प्रशासन तथा सेवा प्रवाह

- कार्यरत कुल कर्मचारीको संख्या १४३ जना मध्ये स्थायी कर्मचारी ४९ र सेवा करार कर्मचारी ९४ जना रहेका छन्।
- रिक्त दरवन्दीमा पदपूर्तीका लागि प्रदेश लोक सेवा आयोग मार्फत छनौट प्रक्रिया अगाडी बढिरहेको छ।
- कोभिड-१९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन-२०७७ बमोजिम कोभिड-१९ सम्बन्धी अस्थायी अस्पताल संचालन गर्न आवश्यक जनशक्ति छनौट सम्बन्धी कार्य सम्पन्न गरिएको छ ।
- नगर केन्द्र तोकिएको स्थानमा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा

पुगेको अवस्था छ।

- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण एवं जनशक्ति व्यवस्थापनको कार्य गरि संस्थागत संरचनालाई पूर्णता दिने काम सम्पन्न गरिएको छ।
- स्वास्थ्य कार्यालय तर्फ स्थायी पदपूर्ती हुन नसकेको दरवन्दी एवं पदमा करार सेवामा पदपूर्ती गरिएको छ।
- हाल सम्म तर्जुमा भएका ऐन-१८ वटा, नियमावली-३ वटा, कार्यविधि-४३ वटा, निर्देशिका-२ वटा, नीति-१ वटा, प्रतिकार्य योजना-१ वटा, दिग्दर्शन-१ गरी कुल जम्मा ६९ वटा कानूनहरू निर्माण भएका छन्।
- जीवनपुर, नौबिसे र छत्रेदेउराली स्वास्थ्य चौकी  मार्फत ३ थान एम्वुलेन्स संचालन गरीएको छ।
- नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि ८ रोपनी, वृद्धा विश्रामस्थल भवनको लागि १ रोपनी, ९ नं. वडा कार्यालय भवनको लागि ७ आना, आन्तरिक बसपार्क निर्माणका लागि २३ आना ३पैसा ३ दाम गरी जम्मा १०-१४-३-३ जग्गा खरिद गरिएको छ।
- ३ नं. वडा कार्यालय भवन निर्माणको लागि ५ आना र १,३,५,६ र ८ नं. वडा आधारभुत स्वास्थ्य केन्द्रको लागि गरी जम्मा ३-४-०-० जग्गा निशुल्क प्राप्त भएको छ।
- गरिब तथा असहाय व्यक्तिहरूलाई खाद्यान्न लगाएतको राहत सामाग्री वितरण गरिँदै आएको छ।
- नियमित रुपमा दमकल सेवा संचालन गरीएको छ।
- धार्के तथा खानीखोला बजार क्षेत्रमा ११ वटा सि.सि. क्यामेरा जडानको कार्य सम्पन्न भएको छ।
- २ थान चारपांग्रे र २४ थान मोटर साइकल खरिद गरी सवारी साधान व्यवस्थापन गरिएको छ।
- खर्च भएर नजाने जिन्सी सम्पतीहरूको विवरण PAMS मा इन्ट्रि गरी व्यवस्थित रुपमा अभिलेखीकरण गर्न सुरुवात गरिएको छ।
- आयुर्वेद आरोग्य केन्द्रको स्थापना गरी सेवा संचालन गरीएको छ।
- वडा नं.३ र ९ को भवन निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवा प्रवाह गरिएको छ।
- मिति २०७८ साल आषाढ मसान्त सम्म नगर कार्यपालिकाको ८१ औं पटक वैठक संम्पन्न भएको छ।
- सबै वडा कार्यालय र स्वास्थ्य चौकिमाहरूमा (इन्टरनेट) वाईफाइ जडान गरिएको छ।
- नगर प्रहरी सेवा, दमकल सेवा र एम्बुलेन्स सेवा सञ्चालनका लगि जनशत्ति छनोट एवम व्यवस्थापनको कार्य सम्पन्न गरि सेवा करार शम्झौता बमोजिम करार सेवामा कार्य गराईरहेको अवस्था छ।

## २.४ व्यक्तिगत घटना दर्ता (पञ्जीकरण)

**यस नगरपालिकाको २०७४ बैशाख देखी २०७७ चैत्र मसान्त सम्मको व्यक्तिगत घटना दर्ता विवरण**

| जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाईसराई दर्ता | | | | सम्बन्ध विच्छेद संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | जोडी संख्या | आएको दर्ता संख्या | आएको सदस्य संख्या | गएको दर्ता संख्या | गएको सदस्य संख्या | | |
| १७७२ | १९६१ | ३७३३ | ६१३ | ८२५ | १४३८ | १३४८ | ४५ | ६१ | ७८ | १०७ | १६ | ६६५८ |

| क्र.स | आ.व. | सामाजिक सुरक्षा भत्ता रकम | लाभग्राही संख्या |
|---|---|---|---|
| १ | २०७४/०७५ | रु.५,०५,०९,०००।- | २४५६ |
| २ | २०७५/०७६ | रु.४,५४,६५,०००।- | २६५२ |
| ३ | २०७६/०७७ | रु.९,०२,५५,८००।- | ३१०६ |
| ४ | २०७७/०७८ | रु.९,३१,०१,०००।- | ३२५४ |

### २.४.१ सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

- दर्ता भएका घटना दर्ताका विवरणहरू डिजिटाईजेशनको कार्य भैईरहेको ।
- सबै वडा कार्यालयहरूबाट अनलाईन प्रविधिबाट घटना दर्ता सुरु गरिएको छ।
- सबै वडा कार्यालयहरूको लागी वाईफ़ाई सहितको डंगोल, कम्प्युटर र प्रिन्टर खरिद र जडान गरिएको।
- कुषि विकास वैंक खानीखोला, एन.आई.सी एसिया वैंक खानीखोला र धार्के, राष्ट्रिय वाणिज्य वैंक खानीखोला, प्रभु वैंक र सेन्चुरी वैंक धार्के मार्फत सामाजिक सुरक्षा भत्ता नियमित रुपमा वितरण भैरहेको।
- ९ वटै वडाहरूमा घटना दर्ता शिविर कार्यक्रम सञ्चालन भई सम्पन्न भएको।

## २.५ शिक्षा तर्फ

- अंग्रेजी, गणित, विज्ञान र कम्प्यूटर विषयका नि.मा.वि २२ र मा.वि ५ गरी २७ शिक्षक आन्तरिक श्रोतबाट नियुक्त गरिएको।
- आ.व. २०७८/७९ बाट सहजकर्ता, कार्यालय सहयोगी र लेखापाल लगाएतको तलब वृद्धि गरी न्यूनतम रु १५,०००। कायम गरिएको।
- सबै विद्यालयमा स्यानिटरी प्याड व्यवस्थापन, कक्षा ६ भन्दा माथि चलेका १८ विद्यालयमा भेन्डिङ मेसिन र ४ वटा उच्च मा.वि.को लागि १/१ वटा Disposable Machine जडान।
- आधारभूत तहका १८ वटा विद्यालयमा कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन प्रदान गरिएको।
- एक विद्यालय एक ल्यापटप अन्तर्गत कक्षा ६ देखि माथि चलेका १८ वटा सामुदायिक विद्यालयहरूलाई १/१ वटा ल्यापटप वितरण गरिएको।
- १० वटा माध्यमिक विद्यालयहरूमा तातो पानी सहित शुद्ध पिउने पानीको व्यवस्थापन।
- दुर्गम क्षेत्रका बालबालिकाहरूलाई लक्षित गर्दै मच्छिन्द्र मा.वि., खानीखोलामा आवासीय विद्यालय सञ्चालन गरिएको। हाल ४८ जना बालबालिकाले सुविधा उपभोग गरिरहेका छन्।

- भुवनेश्वरी मा.वि.मा कृषि प्राविधिक विद्यालय सञ्चालनका लागि आवासीय भवन निर्माण कार्य भैरहेको छ।
- भुवनेश्वरी मा.वि., महादेवस्थान मा.वि. र डिल्ली सावित्री मा.वि.मा बाल उद्यान निर्माण गरिएको।
- स्नातक तह अध्ययन गरिरहेका बुहारीहरूलाई छात्रवृत्ति प्रदान गरी "बुहारी शिक्षा कार्यक्रम "संचालन गरिएको।
- २३ वटा सामुदायिक विद्यालयको वेवसाइट निर्माण र संचालन गरिएको।।
- "एक विद्यालय एक नर्स कार्यक्रम" अन्तरगत ३ विद्यालयमा १/१ जना स्टाफ नर्सको व्यवस्था गरिएको।
- सबै सामुदायिक विद्यालयमा डिजिटल हाजिर व्यवस्थापन गरिएको।
- सबै सामुदायिक विद्यालयमा विद्यालय सुधार योजना निर्माण गरिएको।
- सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक सुधार उपसमिति गठन गरी कार्य प्रारम्भ गरिएको।
- उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षकहरू तथा नगरपालिकामा SEE परीक्षामा उत्कृष्ट अंक ल्याउन सफल छात्र छात्रालाई नगद सहित सम्मान गर्ने कार्यक्रमको सुरुवात गरिएको ।
- वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशित र कार्यान्वयन गरिएको।
- कक्षा ६ भन्दा माथि चलेका सबै सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापन गरिएको।
- ६ वटा सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन गरिएको।
- १२ वटा सामुदायिक विद्यालयमा ICT Lab स्थापना गर्ने कार्य भैरहेको।
- २०७२ सालको भुकम्पले क्षति भएका ८ वटा विद्यालयको पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगेको।
- ३१ वटा सामुदायिक विद्यालयमा छात्र मैत्री तथा WASH सुविधा सहितको शौचालयको व्यवस्था गरिएको।
- ९ वटा विद्यालयहरूमा घेरावार निर्माण गरिएको।
- प्रथम मेयर कप कार्यक्रम अर्न्तगत कराँते, फुटबल लगाएतका विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरीएको।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदमा पदक जित्न सफल ४ जना खेलाडीहरूलाई नगद पुरस्कार सहित सम्मान गरिएको ।

## २.६ स्वास्थ्य तर्फ

- तीन वटा स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा स्थापना,
- ६ वटा वडाहरूमा आधारभुत स्वास्थ्य केन्द्र स्थापना र सञ्चालन,
- स्वास्थ्य संस्थाहरूमा नगरपालिकाको तर्फबाट ३० जना कर्मचारी करारमा व्यवस्थापन गरिएको,

### २.६.१ स्वास्थ्य क्षेत्रमा आर्थिक सहायता प्रदान गरिएको विवरण

| मुटु रोग | मृगौला रोग | क्यान्सर रोग | पारकिन्सन रोग | स्पाइनल इन्जूरी | हेड इन्जुरी | विपन्न नागरीक सहायता |
|---|---|---|---|---|---|---|
| ३४ | २१ | ३४ | ४ | ६ | ५ | १६ |

- ❖ लकडाउन अवधिभर सवै स्वास्थ्य संस्थाहरू सार्वजनिक विदाको दिनमा समेत खुल्ला गरी सेवा प्रदान गरीएको ।
- ❖ कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि २ वटा Case Investigation and Contact Tracing Team गठन गरीएको, महामारी तथा प्रकोपजन्य रोग रोकथाम तथा नियन्त्रणको लागि Rapid Response Team (R.R.T.) टिम गठन गरिएको,
- ❖ वडा नं. १, २, ७ र ९ मा खोप केन्द्र भवन निर्माण गरिएको,
- ❖ १ थान आई. एल. आर. फ्रिज र आधारभुत स्वास्थ्य केन्द्रको लागी ६ थान फ्रिज खरिद ।
- ❖ ९ वटै स्वास्थ्य सस्थाहरूमा इन्टरनेट जडान गरिएको ।
- ❖ महिला स्वास्थ्य स्वंयम् सेविकाहरूका लागि २८ थान दराज वितरण गरिएको ।
- ❖ प्रयोगशाला स्तरोन्नति गर्न नौविसे स्वास्थ्य चौकीमा एनालाइजर मेसिन जडान गरिएको ।
- ❖ नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसर व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान भईरहेको ।
- ❖ वर्थिङ सेन्टर रहेका ३ वटा स्वास्थ्य चौकीमा सुत्केरी महिलालाई भित्री कपडा र १६२ जना सुत्केरीहरूलाई जाउलो वितरण गरिएको ।

### २.६.२ घरदैलो स्वास्थ्य परिक्षण वाट सेवा प्रदान गरिएको विवरण

| ज्येष्ठ नागरीक | फलो अप | फरक क्षमता |
|---|---|---|
| १०१९ | २८२ | २१ |

- ❖ नौविसे स्वास्थ्य चौकीमा प्रथामिक अस्पताल र छत्रेदेउराली स्वास्थ्य चौकी भवन निर्माण शुरु ।
- ❖ नौविसे स्वास्थ्य चौकीको नँया भवन र ६ वटा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भई सेवा सञ्चालन भएको ।
- ❖ नगरपालिकाको ३ वटा एम्बुलेन्सहरूले (नौविसे स्वास्थ्य चौकी, जिवनपुर स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकीमा रहि) आ.व ०७७/०७८ मा ६४५ जना सेवाग्राही लाई सेवा प्रदान भएको छ ।
- ❖ कोभिड १९ को महामारी रहेसम्म धुनिवेशी नगरपालिका भित्रका नागरिकहरूलाई एम्बुलेन्स सेवा निःशुल्क गरिएको छ । छत्रेदेउराली र जिवनपुर स्वास्थ्य चौकीमा OTC सेन्टरको व्यवस्था गरीएको ।
- ❖ सबै स्वास्थ्य संस्थाहरूमा पोषण कर्नरको व्यवस्था गरीएको साथैसबै स्वास्थ्य संस्थाहरूमा वाश कर्नरको व्यवस्था गरीएको ।
- ❖ वासिङ मेसिनको सुविधा सहितको ३ वटा स्वास्थ्य चौकी र धुनिवेशी आईसोलेसन सेन्टर व्यवस्थापन गरिएको ।
- ❖ समुदाय स्तरमा रुघाखोकी, ज्वरो आएका विरामीको समुदायमा गई स्वास्थ्य परिक्षण गरिएको ।

❖ समुदाय स्तर सम्म कोभिड १९ को संक्रमण परीक्षणको लागि PCR- Swab Collection गरी प्रयोगशाला पठाउने गरीएको र साथै एन्टिजिन परीक्षण सेवा उपलब्ध गराएको।

**२.६.३ कोभिड १९ व्यवस्थापन**

| विवरण | संख्या |
|---|---|
| क्वारेन्टिन क्षमता (जना) | ६२ जना |
| क्वारेन्टिनमा बसेका व्यक्तिहरूको संख्या | ५२ जना |
| आर.डि.टी. गरिएको संख्या | १६४ जना |
| पि.सि.आर गरिएको संख्या | २२८ जना |
| स्वास्थ्य कार्यालय धादिङ वाट प्राप्त आर.डि.टी. | १२० |
| नगरपालिका बाट खरिद आर.डि.टी | ५० |
| युनाइटेड सिमेन्टबाट प्राप्त | ३४ |
| आर.डि.टी किट बाँकी | ७४ |
| भि.टि.एम. वाँकी | १११ |
| एन्टिजिन परीक्षण किट | ३०० |

❖ अक्सिजन सहितको २० वेडको आईसोलेसन सेन्टरको स्थापना गरी सेवा प्रदान भईरहेको।

❖ नियमित रुपमा पि.सि.आर.र एन्टिजिन परिक्षण ।

❖ ८ वटा अक्सिजन कन्सन्ट्रेटर मेसिनको व्यवस्थापन गरि सेवा प्रदान भईरहेको छ।

❖ ४ वटा क्वारेन्टिन स्थलहरू लाई स्तरोन्नती गरिएको छ।

❖ आईसोलेसन सेन्टरमा वैकल्पिक उर्जाको लागी जेनेरेटरको व्यवस्था गरिएको छ।

**२.६.४ स्वास्थ्य संस्था र सेवा प्रवाह सम्बन्धी विवरण**

| विवरण | संख्या | विवरण | संख्या |
|---|---|---|---|
| स्वास्थ्य चौकी | ३ | सुरक्षित गर्भपतन केन्द्र | १ |
| आधारभूत स्वास्थ्य केन्द्र | ६ | ५ प्रकारका अस्थायी परिवार नियोजन सेवा भएको संस्था | ३ |
| गाउँघर क्लिनिक | १४ | किशोर किशारी मैत्री संस्था | १ |
| खोप क्लिनिक | १३ | माइक्रोस्कोपिक सेन्टर | ३ |
| प्रसुति केन्द्र (बर्थिङ सेन्टर) | ३ | डट्स सेन्टर | ३ |

**२.६.५ स्वास्थ्य सेवा प्राप्त गरेका सेवाग्राहीको संख्या**

| क्र.स. | विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १. | पुरानो सेवाग्राही संख्या | ३,०५० जना | ३,३४२ जना | १०,३३० जना | ८,२११ जना | २४,९३३ जना |
| २. | नयाँ विरामी संख्या | १७,०४६ जना | १६,९९४ जना | ३५,२२४ जना | ३३,६८१ जना | १,०२,९४५ जना |
| **जम्मा सेवाग्राही/विरामी संख्या** | | २०,०९६ **जना** | २०,३३६ **जना** | **४५,५५४ जना** | **४१८९२ जना** | **१,२७,८७८ जना** |

### २.६.६ महिला तथा बालबालिकाहरूलाई उपलब्ध गराईएको स्वास्थ्य सेवा र स्वास्थ्य सेवा लिने संख्या

| सेवाको विवरण | सेवा प्राप्त गर्नेको संख्या |
|---|---|
| खोप सेवा लिन आउने २ बर्ष मुनिका बालबालिका | १३६३८ जना |
| खोप सेवा लिन आउने गर्भवती महिला | २८८७ जना |
| बृद्धि अनुगमनको लागि आएको २ बर्ष मुनिका बालबालिका नयाँ र पुराना | १५०८८ जना |
| भिटामिन ए प्राप्त गरेका ५ बर्ष मुनिका बालबालिकाहरू | १५४३२ जना |
| महिला स्वास्थ्य स्वयं सेविकाबाट सेवा पाएका सेवाग्राही | ४४९७२ जना |
| ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम अन्तर्गत अल्ट्रासाउन्ड गरिएका महिला | १५२९ जना |
| उपचार पूरा गरेका /उपचारत रहेका क्षयरोगी बिरामी | ११८ जना |
| गाउँघर क्लिनिकबाट सेवा पाएका सेवाग्राही | ७९५५ जना |
| सेवा लिन आएका नयाँ गर्भवति महिला | २२७४ जना |
| ल्याव परिक्षण | ३१५९ जना |
| प्रसूति सेवाका लागि आएका गर्भवति महिला | ७२६ जना |
| परिवार नियोजन लगातार प्रयोगकर्ता | ५११५ जना |
| PMTCT of HIV | १४१२ जना |
| प्रयोगशाला सेवा पाएका सेवाग्राही | ६८१५ जना |

### २.६.७ स्वास्थ्य तर्फ नियमित रुपमा सञ्चालित कार्यक्रम

क. खोप कार्यक्रम
ख. क्षयरोग तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम
ग. पोषण कार्यक्रम
घ. परिवार नियोजन सेवा
ङ. मातृ तथा नव शिशु कार्यक्रम
च. आमा सुरक्षा कार्यक्रम
छ. प्रयोगशाला सेवा
ज. दैनिक विरामी उपचार सेवा
झ. मानसिक स्वास्थ्य सेवा
ञ. गाँउघर क्लिनिक सेवा
ट. म.स्वा.स्वं सेविका
ठ. रेकर्डिङ्ग रिपोर्टिङ
ड. ग्रामिण अल्टासाउण्ड सेवा
ढ. एच.आइ.भि. एड्स तथा यौनरोग नियन्त्रण
ण. मुख स्वास्थ्य सेवा
त. घाउ-चोटपटक ड्रेसिङ
थ. आकस्मिक उपचार सेवा

## २.७ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

- ❖ व्यक्तित्व विकास प्रशिक्षण तालिम १५० जनालाई प्रदान,
- ❖ कपडाको झोला बनाउने तालिम ४० जनालाई प्रदान ।
- ❖ बाख्रापालन व्यवसाय सिप विकास तालिम २०० जनालाई प्रदान ।
- ❖ आधारभूत ब्युटिपार्लर तथा एडभान्स ब्युटिर्पालर तालिम ९० जनालाई प्रदान,

- ❖ महिला तथा पुरुष समविकास तालिम ३० जना
- ❖ नेतृत्व विकास तालिम २० जना लाई प्रदान,
- ❖ ३० जना महिला सदस्य रहेको लैंगिक हिंसा न्यूनिकरण निगरानि समुह गठन।
- ❖ ७८० जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक कार्ड बितरण ।
- ❖ सुरक्षित आवास गृह (सेफ हाउस) को सेवा संचालनमा आएको ।

### २.७.१ अपाङ्गता परिचय पत्र वितरण

| क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|
| २० | २९ | १५ | १६ | ८० |

- ❖ ७० वर्ष माथिका १००० जनालाई ब्लाङ्केट वितरण।
- ❖ मन्दिरमा बाद्यबाधन सामाग्रि उपलब्ध गरिएको।
- ❖ १८६ जना लक्षित वर्गका बालबालिकाहरूलाई लोक सेवा तयारी कक्षा संचालन।
- ❖ अपांङ्गता भएका ५० जना व्यक्तिहरूलाई र्हापिक बनाउने, सिन्के धुप बनाउने तालिम।
- ❖ चेपाङ्ग समुदायमा कृषि व्यबसाय प्रबर्धन गर्न जग्गा लिज बापतको भाडा रकम र ट्र्याक्टर बितरण।
- ❖ ८० जना महिलालाई अटोरिक्सा चलाउने तालिम प्रदान।
- ❖ १५ जना बाबु आमा बिहिन तथा बेपत्ता भएका बालबालिकालाई आर्थिक सहयोग प्रदान गरिएको ।
- ❖ १६१ जना सहभागिका लागि २ दिने बालबिबाह न्यूनिकरण सम्बन्धि कार्यक्रम सम्पन्न भएको।
- ❖ हिंसा प्रभावित महिला लक्षित कार्यक्रम संचालनमा रहेको।
- ❖ महाकालि किसान मा वि मा बालमैत्री तथा छात्रा मैत्री शौचालय मर्मत तथा व्यबस्थापन।
- ❖ बालउद्दार तथा राहत कोष स्थापना गरिएको।
- ❖ ३ महिने सिलाई बुनाई सम्बन्धि कार्यक्रम सम्पन्न गरिएको ।

## २.८ धर्म, कला, संस्कृती संरक्षण र पर्यटन

| पूर्वाधार | संख्या |
|---|---|
| मन्दिर निर्माण तथा मर्मत | ३३ |
| कृयापृत्री भवन, मरानघाट, पाटी पौवा, चौतारो निर्माण | २६ |
| गुम्बा निर्माण | ४ |

- ❖ पञ्चेबाजा समूह, ज्वालामुखी नेवार गुठी समूह र तामाङ उत्थान समाज दर्ता भएको,
- ❖ पञ्चकन्या देवी मन्दिर जाने सिँढी निर्माण भएको छ।
- ❖ खर्केडाँडा पिकनिक स्पोट तथा पार्क निर्माण।

❖ धुनिवेशी नगरपालिकाको पहलमा तोप्लाङ भ्यू टावर निर्माणको लागि प्रदेश सरकारबाट बजेट विनियोजन भई भ्यू टावर निर्माण कार्य शुरु भएको ।

❖ धुनिवेशी नगर क्षेत्र भित्र रहेका ऐतिहासिक, पौराणिक, धार्मिक, साँस्कृतिक स्थान तथा पर्यटकिय दृष्टिले महत्वपूर्ण स्थलहरूको पहिचान गरी संरक्षण, सम्बर्द्धन, पूर्ननिर्माण र प्रचार प्रसार गर्ने कार्यहरू भईरहेका छन ।

**पहिचान भएका ऐतिहासिक, पौराणिक, धार्मिक, साँस्कृतिक स्थान तथा पर्यटकिय स्थलहरू**

१) महेशनारायण गुफा, धु.न.पा. २
२) वच्छलादेवी मन्दिर, धु.न.पा. १
३) कोटाकालिका मन्दिर, धु.न.पा. ४
४) चमेरोगुफा, धु.न.पा. १
५) गोरखनाथ बाबा धाम, धु.न.पा. ५
६) देविदेउराली मन्दिर, धु.न.पा. ५
७) कालिदेवी मन्दिर, धु.न.पा. ६
८) सेतिदेवी मन्दिर, धु.न.पा. ७
९) तोप्लाङ गाउँ, धु.न.पा. ७
१०) नृर्वेश्वर महादेव मन्दिर, धु.न.पा. ७
११) झ्याम्पल खोला झरना, धु.न.पा. १
१२) मनकामना मन्दिर, धु.न.पा. ७
१३) तिनछाँगे झरना, धु.न.पा. ७
१४) कृष्ण मन्दिर, धु.न.पा. ४
१५) चिच्याउने गुफा, धु.न.पा. ४
१६) त्रिकुटेश्वर मन्दिर, धु.न.पा. ३
१७) नमोबुद्ध गुम्बा, धु.न.पा. ३
१८) तोप्लाङ गाउँदेखी शक्तिखोरसम्मको हाइकिङ/पैदल रुट, , धु.न.पा. ७
१९) खत्रीपौवा देखी चन्द्रागिरी नगरपालिका जोड्ने राणाकालिन ऐतिहासिक पदमार्ग, धु.न.पा. ९

## २.९ विपद् व्यवस्थापन

**२०७२ सालको भुकम्पमा क्षती भएका घरहरूको विवरण**

| पहिलो किस्ता | दोश्रो किस्ता | तेश्रो किस्ता | अन्तिम किस्ता | निर्माण भएका घर संख्या |
|---|---|---|---|---|
| ७१२० | ६२४३ | ५५२३ | ५१८९ | ७६२५ |

❖ कोभिड-१९ को अवधिभरमा ३३४१ जनालाई राहत सामाग्री उपलब्ध गराईएको

❖ आ.ब. २०७७/०७८ मा पहिरोवाट घर गोठ आदि क्षति भएका ९१ जनालाई रु २५,०००।- का दरले २२,७५,०००।- रकम उपलव्ध गराईएको ।

❖ हावाहुरी जन्य विपदको कारण क्षति पुगेका १४ जना कृषकहरूलाई प्रतिटनेल रु २५,०००।- का दरले जम्मा ३,५०,०००।- राहत उपलव्ध गराईएको ।

❖ व्यवसायिक रुपमा कुखुरा पालन गरेका व्यवसायीको महामारीका कारण मरेका कुखुराहरूको क्षतिपूर्ति स्वरुप हाल सम्म रु ५,५५,५००।- उपलव्ध गराईएको ।

परिच्छेद-३

# कृषि, पशु, उद्योग-व्यवसाय, सहकारी र पर्यटन

## आर्थिक विकास

### ३.१ कृषि शाखा

- ❖ १० जना कृषकलाई २० सेट ग्रिनहाउस वितरण ।
- ❖ ६०० वटा मौरी सहितको घार वितरण।
- ❖ आँप, लिच्ची, एभोकाडो, ओखर, सुन्तला कागतीको १९,००० विरुवा वितरण।
- ❖ नगरपालिकाको वडा न. ५ मा रहेको चेतना कृषि तथा पशुपंक्षि फर्मले संचालन गरेको १४० रोपनी जग्गाको चक्लावन्दी तथा ग्रिनहाउस निर्माण गरि मोडेल फर्मको विकास गरिएको।
- ❖ नगरपालिकाको वडा न. ५ चण्डेश्वरी कृषि तथा पशुपन्छी फर्ममा १७ वटा ग्रिन हाउस निमार्ण गरिएको छ।
- ❖ आधुनिक प्रविधिको प्रयोग गरी सुविधा सम्पन्न नर्सरी स्थापना र फोगर प्रविधिको जडान गरि गरी २५ रोपनी क्षेत्रफलमा तरकारी खेती गरिएको।
- ❖ वानियाँटारमा २५ रोपनी क्षेत्रफलमा २५ वटा ग्रिन हाउस निर्माण र थोपा सिचाई नर्सरी घर निर्माण गरिएको।
- ❖ वडा न. ४ कात्तिकेपाखा देखि दमाहाढुङगा क्षेत्रमा करिव ३०० रोपनी क्षेत्रफलमा अदुवा पकेट कार्यक्रम संचालन।
- ❖ धुनिवेशी नगरपालिकाको वडा न. ५,६ र ८ मा कृषक सुचिकरण तथा दर्ता व्यवस्थापन कार्यक्रम संचालन।
- ❖ धुनिवेशी नगरपालिकाको कृषि तथा पशुपक्षिको प्रोफाइल तयार भएको।

#### ३.१.१ नियमित कृषि प्रसार कार्यकम

- ३९ वटा कृषक समुह दर्ता,
- १९ वटा रासायनिक मल विक्री इजाजत प्रदान गरिएको,
- २८ जना अगुवा कृषकको अवलोकन भ्रमण सम्पन्न गरिएको,
- १९४ वटा कृषि फर्म दर्ताको लागी सिफारिस गरिएको
- ५४० जना कृषकलाई कृषि विषयक १ दिने र ३ दिने तालिम प्रदान गरिएको।
- ७९१ जना कृषकको फर्ममा प्राविधिक सेवा प्रदान गरिएको।
    - ❖ सहकारी सिँचाई, साना सिँचाई मर्मत अर्न्तगत ६० वटा प्लास्टिक पोखरी निर्माण सम्पन्न।

- ९०० रोपनी जमिनमा वाह्रै महिना सिँचाई पुग्ने गरि कुलो निर्माण सम्पन्न ।
- ७७ वटा भकारो सुधार कार्यक्रम सम्पन्न ।
- ५ मे.टन. कृषि चुन वितरण ।
- ९७ जना कृषकहरूलाई सहुलियत कर्जामा ९७ लाख रुपैयाँ लगानी गरिएको ।
- वडा, नगर, पकेट, व्लक कार्यक्रम अर्न्तगत ६५० वटा मिनिटिलर र पावरटिलर वितरण ।
- प्लास्टिक घर निर्माण कार्यक्रम अर्न्तगत नगरपालिका भित्र ५० प्रतिशत अनुदानमा २३० वटा प्लास्टिक घर निर्माण गरिएको ।
- १६४३ जना कृषकका लागि तरकारी तथा मकैको विउ वितरण ।
- ९ वटै वडाका ५० जना कृषकलाई ५० प्रतिशत अनुदानमा ७ एच.पि.को मिनिटिलर र ७ वटा वडाका २० जना कृषकलाई ५० प्रतिशत अनुदानमा कम्वाइन्ड राइस मिल उपलव्ध गराईएको ।
- ग्रिन हाउस निर्माण कार्यक्रम अर्न्तगत धुनिवेशी नगरपालिकाको ४४ जना कृषकलाई ५२ वटा १२० स्क्वाएर मिटरको स्थायी टनेल निमाण सम्पन्न गरिएको ।
- फलफूल तथा फुलको विरुवामा नगरपालिकालाई आत्मनिर्भर बनाई नगरवासीलाई वितरण गर्न फलफूल र फूलको स्रोत केन्द्र (नर्सरी) स्थापना गर्ने कार्यको थालनी भइसकेको छ ।
- धार्के चालिसे तरकारी वजार क्षेत्रमा १२ वटा सटर सहित कोठाको स्टल निर्माण भएको ।
- कोभिड कृषि राहत कार्यक्रम अर्न्तगत तरकारीको विउ र सामाग्री किन्न १४७ जनालाई रु.३,३५०।- का दरले रु.४,९२,४५०।- नगद अनुदान सहयोग ।

## ३.२ पशुसेवा शाखा

- खोप कार्यक्रम संचालन अर्न्तगत ८०८८२ वटा भेडा बाख्रामा पि.पि.आर तथा ११० वटा कुकुरलाई रेविज रोग विरुद्धको खोप लगाईएको
- डिस्पेन्सरीबाट ५६७६ जना कृषकले सेवा लिएको र १४६०० वटा पशुपन्छीको उपचार भएको तथा २४६२ वटा बोका बन्ध्याकरण गरिएको ।
- १२ पटक पशु स्वास्थ्य शिविर गरि २४६५ घरधुरीका २११७० वटा पशुपन्छीमा स्थलगत उपचार सेवा पुर्‍याएको ।
- ४३१६० वटा गाईभैंसी तथा बाख्रामा कृत्रिम गर्भाधान सेवा पुर्‍याएको ।
- उन्नत जातको १८२ वटा बाख्रा र ३ वटा बोयर विऊ बोका वितरण ।

- पशु विमा अभिमुखीकरण तालिम अर्न्तगत २ पटक गरेर ५६० जना कृषकलाई पशु विमा सम्बन्धि अभिमुखिरण तालिम दिइएको ।
- कार्यालयको ल्यावबाट ९४० वटा गोबरको नमुना परिक्षण गरि औषधि वितरण गरिएको ।
- पशुपन्छी तथा कृषि पकेट क्षेत्रको सम्भाव्यता अध्ययन गरिएको
- मौसमी डालेघाँसको ५००० वटा विरुवा वितरण गरिएको ।
- ५ जना कृषकलाई गाईभैंसी पालनको लागि थलो (गोठ) सुधार अनुदान दिईएका
- बाख्राको गोठ सुधार कार्यक्रम अर्न्तगत ७ जना कृषकलाई बाख्रा पालनको लागि गोठ सुधार अनुदान दिईएको ।
- १०४ जना बाख्रापालक कृषकले लागत साझेदारीमा खोर गोठ निर्माण/सुधार अनुदान प्राप्त गरेको ।
- विभिन्न स्थानका कृषकहरूलाई ६८०० गोटा कुखुराको चल्ला वितरण गरिएको ।
- प्राकृतिक गर्भाधानको लागि ५ वटा बोयर जातको बोका वितरण गरिएको ।
- प्रजननको लागि ९ वटा रांगा खरिद गरि वितरण गरिएको ।
- २ वटा मासु पसल सुधार गरिएको ।
- २ वटा डेरी पसल सुधार गरिएको ।
- ३ वटा फर्मलाई गाईभैंसी पालनको लागि अनुदान दिईएको ।
- २ वटा बाख्रा फार्मलाई बाख्रापालनको लागि नगद अनुदान दिईएको ।
- ३०० जना कृषकलाई एक दिने पशुपन्छी पालन तालिम दिईएको ।
- विभिन्न पशुपालन फार्मलाई १८ गोटा च्यापकटर वितरण गरिएको ।
- पशु सेवा प्राविधिक व्यवस्थापन कार्यक्रम अन्तरगत एक जना प्राविधिकको व्यवस्थापन भएको ।
- चल्ला उत्पादन गर्ने १ वटा ह्याचिङ मेशिन वितरण गरिएको ।
- पशु स्वास्थ्य घुम्ति शिविर संचालन गरी १३५८ जना सेवाग्राहीका १६६६४ पशुपन्छीमा उपचार सेवा प्रदान गरिएको
- नगरको पशु सेवा शाखाको डिस्पेन्सरीबाट ९७० सेवाग्राहीका ६३७० गोटा पशुपन्छीलाई उपचार सेवा प्रदान गरिएको ।
- ल्याव स्थापना गरी ३४० गोटा गोबरको नमुना परिक्षण गरिएको ।

## ३.३ सहकारी शाखा

- धुनिवेशी नगरपालिकामा डिभिजन सहकारी धादिङबाट हस्तान्तरण भै आएको २७ वटा र २ नयाँ दर्ता गरी २९ वटा सहकारीहरू छन् ।

### ३.३.१ धुनिवेशी नगरपालिका मातहत संचालित सहकारी संस्थाहरूको विवरण

| | | | |
|---|---|---|---|
| कृषि | २० | फलफुल तरकारी | २ |
| बहुउद्देश्यीय | ३ | उद्यमी | १ |
| बचत तथा ऋण | ३ | | |

## ३.४ उद्योग, व्यापार र व्यवसाय

### ३.४.१ व्यवसाय दर्ता

२०७७ साल आषाढ मसान्त सम्म नगरपालिका र वडा कार्यालयहरूमा दर्ता भएका साना व्यवसायहरूको संख्या १५२० वटा रहेको ।

**ठूला तथा मझौला उद्योगहरू**

| विवरण | संख्या | विवरण | संख्या |
|---|---|---|---|
| ईटा उद्योग | २७ वटा | प्लाष्टिक उद्योग | २ वटा |
| सिमेन्ट उद्योग | ३ वटा | पेट्रोल पम्प | ३ वटा |
| ग्याँस उद्योग | ४ वटा | लघु जलविद्युत | १ वटा |
| औषधि उद्योग | २ वटा | कृषि चुन उद्योग | १ वटा |
| वाईन उद्योग | २ वटा | रोडा ढुंगा उद्योग | २ वटा |

## परिच्छेद-४

# परियोजना तथा कार्यक्रम

## ४.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

आ. व. २०७६/०७७ मा जुगेडी राईगाउँ गोरेटो बाटो निर्माण नौविसे सल्यानटार पैदल मार्ग निर्माण ज्वालामुखी आ.वि. कम्पाउन्ड निर्माण, कुमाईखोला धाराचौर तथा आङ्गेटार सडक ढुंगा जालिको काममा १९४३ दिनको ज्याला भुक्तानी भएको छ।

आ.व. २०७७/०७८ मा डाडाँगाऊ मैदान नाला सफाई योजना, पँधेलीधारा मगरडाडाँ दमदमे नारायणथान पैदल मार्ग निर्माण, कुखुरेचौर देखी बाह्रमुरे मेले कल्छेखोला गोरेटो बाटो निर्माण, राम्चे डुम्रेचौर फाल्टुडी गोरेटो बाटो निर्माण, मेले कर्कले गहते गोरेटो बाटो निर्माण, कल्छेखोला अमले भञ्ज्याङ सापकोटाचौर सिमलबोट मरनघाट गोरेटो बाटो निर्माण लगायतका २१ वटा आयोजनाहरू संम्पन्न भइ कुल १५५५७ श्रम दिनको भुक्तानी भएको छ।

## ४.२ सामी परियोजना

**सामुदायिक अभिमुखीकरण कार्यक्रम**

| कार्यक्रम | जम्मा |
|---|---|
| सामुदायिक अभिमुखीकरण | ४२४ जना |
| रिर्टर्नी स्वयंसेवकबाट सूचना प्रदान भएको | ७६८ जना |
| वित्तिय साक्षरता तथा मनोपरामर्श | १०१ जना |
| वै.रो.वोर्डबाट छात्रवृत्ति प्राप्त गर्ने | ४ जना |
| वैदेशिक रोजगारी गुमाएर फर्किएका संख्या | ४८ जना |
| केश रेफर | १० वटा |
| मनोसामाजिक परामर्श सेवा | ३१ जना |
| आपतकालिन कोष मार्फत सहयोग | २ जना |
| विदेशमा रहेका व्यक्तिहरूको लगत संकलन | १९५७ |

## ४.३ गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA)

### ४.३.१ उद्यमशिलता विकास तालिम तर्फ

| सम्भावित उद्यमी संख्या पहिचान | व्यवसाय सुरु तालिम | सामाजिक समावेशी तालिम | सिस्टममा इन्ट्रि |
|---|---|---|---|
